नीति–पत्र ५, २०८२

## दलित समुदायमाथिको हिंसा र न्यायमा पहुँचको अवस्था

# नीति–पत्र

### परिचय

लामो समयदेखिको निरंकुश, एकात्मक र असमावेशी राजतन्त्रको अन्त्यसँगै स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले संघीयता, समावेशिता र सबै नागरिकलाई समान अधिकार सुनिश्चित गर्ने संवैधानिक आधार प्रदान गरेको छ ।

दलित समुदायका लागि नेपालको संविधान २०७२ ले सामाजिक न्याय, समावेशिता र सकारात्मक विभेदको सिद्धान्तअनुसार विशेष अधिकार, संरक्षण र अवसर सुनिश्चित गरेको छ । यसले छुवाछूतविरुद्धको स्पष्ट कानुनी प्रतिबन्धसहित शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्वलगायत राज्यका सबै तहमा दलितको सशक्तिकरण र समान अवसर हुने संवैधानिक हक प्रदान गरेको छ । तर, संविधानप्रदत्त अधिकारहरू व्यवहारमा कार्यान्वयन नहुँदा दलित समुदाय अझैपनि ऐतिहासिक बहिष्करण, उत्पीडन र सामाजिक विभेदको दुष्चक्रमा फसाइएका छन् । दलित समुदाय आज पनि जातीय भेदभाव र छुवाछूतसँगै तिनको आडमा हुने हत्या, हिंसा, बलात्कारजस्ता जघन्य अपराधको सामना गर्न विवश छन् ।

जातीय भेदभाव र छुवाछूतलाई अन्त्य गर्ने सवालमा सरकारले संविधानबमोजिम थुप्रै कानुनी र नीतिगत सुधार गरेको छ । तत्कालीन पुनःस्थापित व्यवस्थापिका संसद्ले २१ जेठ, २०६३ मा संकल्प प्रस्ताव पारित गर्दै नेपाललाई 'छुवाछूतमुक्त राष्ट्र' घोषणा गरेको थियो भने जातीय भेदभाव र छुवाछूतलाई कसूर ठहऱ्याउने 'जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन[१], २०६८' कार्यान्वयन भएकै १४ वर्ष बितिसकेको छ ।

[१] 'जातीय छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८'को पहिलो संशोधन २०७५ मा ऐनको नाम परिवर्तन गरी 'सामाजिक तथा अन्य जातीय छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८' बनाइएको हो ।

**लेखन/अध्ययन समूह**

प्रकाश धौलाकोटी

जेबी विश्वकर्मा

रुप सुनार

रेशम विश्वकर्मा

DIGNITY INITIATIVE

काठमाडौं-२९, अनामनगर

सम्पर्क न : ०१-५७०५०९९

इमेलः info@dignityinitiatives.org

वेबसाइटः www.dignityinitiatives.org

मुलुकी अपराध संहिता, २०७४ ले पनि जातीय भेदभाव र छुवाछूतलाई कसूर हुने व्यवस्था गरेको छ । यसबाहेक सरकारले मानव अधिकारसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अंगीकार गरेको छ । तर यिनको प्रभावकारी कार्यान्वयन नभएका कारण दलित समुदायले न्याय प्राप्त गर्न सकेका छैनन् । दलितमाथि भएका उत्पीडनका घटनामा दण्डहीनता मौलाएको अवस्था छ । उनीहरूले कानुनले व्यवस्था गरेको संरक्षण र न्यायको अनुभूति गर्न पाएका छैनन् । प्रहरी प्रशासन, अदालत तथा कानुनी प्रणालीमा रहेको पूर्वाग्रह, विभेद र पहुँचको कमीले दलित समुदाय न्यायबाट टाढा पारिएका छन् ।

यसै सन्दर्भमा, दलितमाथि भइरहेका विभेद र हिंसाका घटनाको अवस्था र न्यायमा दलितको पहुँचको अवस्थाबारे जानकारी प्राप्तिका लागि यो अध्ययनको आवश्यकता भएको हो । यही अध्ययनमा आधारित यो नीति पत्रमा मूलतः दलितमाथि हुने विभेदको प्रकृत्ति र प्रवृत्ति, न्यायमा पहुँचको अवस्था, न्याय प्राप्तिका चुनौती र संवैधानिक र कानुनी अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राज्य र सरोकारवालाको भूमिका समावेश गरिएको छ ।

## अध्ययन विधि

यो अध्ययनका क्रममा परिणामात्मक र गुणात्मक दुवै अनुसन्धान विधिको प्रयोग गरिएको छ । दलितको संवैधानिक र कानुनी अधिकार, दलितमाथि भइरहेका हिंसा र न्यायमा पहुँचका सन्दर्भमा बिगतमा भएका अध्ययन र प्रकाशनहरुको पनि समिक्षा गरिएको छ । विशेषगरी सरकारी तथा गैरसरकारी निकायको प्रतिवेदन, कानुनी दस्तावेज, न्यायिक अभिलेख र आमसञ्चारका माध्यममा प्रकाशित सामग्रीको समालोचनात्मक समीक्षा गरिएको छ । यसैगरी दलितमाथि भएका मानवअधिकार उल्लंघनका घटनासँग सम्बन्धित सूचना र तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

## दलित समुदायको अवस्था

राष्ट्रिय जनगणना २०७८[२] अनुसार नेपालमा दलितको जनसंख्या १३.४ प्रतिशत अर्थात् ३८ लाख ९८ हजार ९ सय ९० रहेको छ । १३.४ प्रतिशतमध्ये पहाडी दलितको जनसंख्या ८.६ प्रतिशत छ भने मधेसी दलितको ४.८ प्रतिशत रहेको छ । कूल जनसंख्यालाई आधार मानेर हेर्दा पहाडी दलितको ६४.१८ प्रतिशत पहाडी र ३५.८२ प्रतिशत मधेसी दलितको जनसंख्या रहेको छ ।

राज्यले ऐतिहासिकरुपमा दलित समुदायलाई राज्यको नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने निकायमा नियोजितरुपमा बहिस्करण गरेका कारण दलित समुदायले राज्यका सबै निकायमा कम्तीमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग उठाउँदै आएका थिए । नेपालमा समावेशी लोकतन्त्रको प्रबर्द्धन र अभ्यासका लागि पनि सबै सीमान्तीकृत समुदायको राज्यमा समानुपातिक समावेशीकरणसम्बन्धी अधिकारको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । नेपालको संविधान २०७२ ले सैद्धान्तिकरुपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरेको छ । यो सैद्धान्तिक प्रतिबद्धताअनुरुप दलित समुदायको राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने हो । तर, २०७९ को निर्वाचन परिणामलाई[३] मात्रै हेर्ने हो भने प्रतिनिधिसभामा जम्मा १८ जना (५.८२ प्रतिशत) छ भने सात प्रदेशसभा जम्मा ३१ जना (५.६४ प्रतिशत) मात्रै प्रतिशत मात्रै छ । यसैगरी

[२] राष्ट्रिय जनगणना २०७८ । वि.सं. २०८२ । दलित सम्बन्धी तथ्याङ्कीय प्रतिवेदन । काठमाडौं, राष्ट्रिय तथ्याङ्क कार्यालय ।

[३] विश्वकर्मा, जेबी, रुप सुनार, अर्जुन बहादुर विके र मञ्जिता परियार । वि.सं. २०८० । समानुपातिक समावेशी सिद्धान्त र निर्वाचन परिणामबीचको अन्तरविरोध : २०७९ को निर्वाचनमा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्थाको विश्लेषण । काठमाडौं, डिग्निटी इनिसियटिभ ।

७५३ स्थानीय तहमा ७ हजार ७ सय १८ जना (२१.९९ प्रतिशत) प्रतिनिधित्व छ । तर, कार्यकारी अधिकारको अभ्यास गर्ने पदमध्ये मेयर ३ जना र उपमेयर ७ जना, गाउँपालिका अध्यक्ष ५ जना उपाध्यक्ष ६ जना र १४७ जना वडाअध्यक्ष रहेका छन् । स्थानीय तहको कार्यकारी पदमा दलितको अत्यन्तै न्यून प्रतिनिधित्व हो ।

राज्यले दलितलाई ऐतिहासिकरुपमा उत्पादनको महत्वपूर्ण साधन भूमिमाथिको स्वामित्वबाट बञ्चित गऱ्यो भने अत्याधिक मात्रामा शोषणमुलक श्रममा (बालीघरे, हलिया, हरुवा, चरुवा, खलिया, डोलीजस्ता) संलग्न गराइयो । अर्कोतिर, रोजगारीका अवसरबाट बञ्चित गऱ्यो भने छुवाछूत-भेदभावका कारण व्यापार व्यवसायबाट पूर्णरुपमा बञ्चित गऱ्यो । परिणाम दलित समुदाय अत्यन्तै गरिबीको दुष्चक्रममा बाँच्न विवश भए । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा २०.३ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी छन् भने ४१.५ प्रतिशत दलित अति गरिबीको अवस्थामा छन् । २०६८ मा देशको गरिबी २५ प्रतिशत हुँदा अति बिपन्न दलितको जनसंख्या ४४ प्रतिशत हाराहारीमा थियो । यो दर २०७८ मा घटेर २० प्रतिशतमा झरेको छ तर दलितको घट्ने दर कमै मात्रामा रहेको पाईन्छ । अझै दलितको गरिबी दर ४२ प्रतिशतको हाराहारीमा रहेको छ । भूमिहिनताको कहालीलाग्दो रुप सबैभन्दा बेसी दलित समुदायमा नै रहेको छ । **भूमिमा दलितको स्वामित्व**[४] एक नमुना अध्ययन अनुसार ३६.७ प्रतिशत पहाडमा र ४१.२ प्रतिशत तराईमा दलित शुद्ध भूमिहिन रहेका छन् । दुई रोपनीभन्दा कम जमिन हुनेलाई कृषि भूमिहिन मान्ने हो भने ८४.८ प्रतिशत पहाडमा र ८८.२ प्रतिशत तराई दलित समुदायका मानिसहरू कृषि भूमिहिन छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मुलुकको कुल साक्षरता ७६.२ प्रतिशत छ । तर दलितको साक्षरता ६७.२ प्रतिशत मात्रै छ । दलित समुदायको ३२.६ प्रतिशत जनसंख्या निरक्षर छ । विद्यालय जाने उमेरको दलित जनसंख्यामध्ये १३.१ प्रतिशत कहिल्यै विद्यालय नगएको देखिन्छ भने तराईका दलितको हकमा यो संख्या २७.५ प्रतिशत छ । स्नातक वा सोभन्दा माथि अध्ययन गरेका दलितको संख्या १.६ प्रतिशतमात्रै छ जब कि गैरदलितको ७.४ रहेको छ । अझै पनि ४४ प्रतिशत दलित बालबालिकाले आधारभूत तहभन्दामाथिको पढाइ पुरा गर्न पाएका छैनन् । दलित समुदायका २२.८ प्रतिशत किशोर किशोरीहरूले १८ वर्षभन्दा पहिल्यै विवाह गरिसक्छन् ।

सार्वजनिक क्षेत्रका आधारभूत सेवा उपभोगको सवालमा पनि दलितको अवस्था कमजोर रहेको छ । २१.६ प्रतिशत दलित कच्चा घर (काठ र बाँस) घरमा बस्न बाध्य छन् त्यसमा पनि तराई दलितको ५०.२ प्रतिशत रहेको छ । खानेपानीमा पहुँच राष्ट्रिय औसत ५७ प्रतिशत हुँदा दलितको ५२ प्रतिशत रहेको छ । १० प्रतिशत दलितको घरमा शौचालय छैन, अझ २५ प्रतिशत तराई दलितको शौचालय छैन । यस्तै आधारभूत आवश्यकताको परिपूर्तिका लागि वैदेशिक रोजगारीमा जाने यूवा एवं वयस्क दलितको संख्या ७८ प्रतिशत रहेको छ ।

सार्वजनिक सेवामा सरकारले ०६४ सालदेखि नै समावेशी नीति लागू गर्दै आरक्षणको व्यवस्था गऱ्यो । तर उक्त व्यवस्था वैज्ञानिक नहुँदा त्यसले दलित समुदायको अपेक्षित प्रतिनिधित्व बढाउन सकेको छैन । निजामती सेवामा अहिलेसम्म बल्ल २.३७ प्रतिशत मात्रै दलित छन् । नेपाल प्रहरीमा १०.६७ प्रतिशत दलित छन् भने नेपाली सेनामा ९.७५ प्रतिशत र सशस्त्र

[४] आहुति । वि.सं. २०६० । भूमिमा दलितको स्वामित्व । आत्मानिर्भर विकास मञ्च

प्रहरीमा ८.१० प्रतिशत दलित छन् । न्याय क्षेत्रमा दलितको अवस्था झन् कमजोर छ । सर्वोच्च अदालतमा अहिलेसम्म दलित समुदायका एकजना पनि न्यायाधीश भएका छैनन् । उच्च अदालतमा हाल १४२ न्यायाधीशमध्ये ३ जना (२.११ प्रतिशत) मात्रै छन् भने जिल्ला अदालतमा ४०९ न्यायाधीशमध्ये दलित समुदायका ६ जना (१.४७ प्रतिशत) मात्रै छन् ।

## संवैधानिक, कानुनी र संरचनात्मक व्यवस्था

२०६२/०६३ को जनआन्दोलनपछि गठन भएको अन्तरिम सरकारले दलित हक र अधिकारलाई संविधान कानुनमा समावेश गराउन निकै महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । अन्तरिम संविधान २०६३ मा 'छुवाछूत तथा भेदभावविरुद्धको हक' मौलिक हककोरुपमा समावेश भयो भने सोही संवैधानिक व्यवस्थाका आधारमा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ निर्माण गरेर लागू भयो ।

नेपालको संविधान २०७२ ले शताब्दीऔंदेखि विभेद र उत्पीडन भोग्दै आएको दलित समुदायलाई जातीय विभेदविरुद्ध कानूनी उपचार खोज्न र राज्यका निकाय, रोजगारी तथा सार्वजनिक सेवामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको व्यवस्था गरेको छ । यसैगरी संविधानको धारा २४ मा समावेश छुवाछूत तथा भेदभावविरुद्धको हकले कुनै पनि व्यक्तिले निजी तथा सार्वजनिक कुनै पनि स्थानमा जातका आधारमा कुनै पनि किसिमको भेदभाव र छुवाछूत गर्न नपाइने[५] व्यवस्था गरेको छ । यस्तो विभेद गम्भीर सामाजिक अपराधको भएको हुँदा पीडकलाई दण्ड सजाय र पीडितले क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गरिएको छ।

संविधानको धारा ४० मा दलितको हकअन्तर्गत राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका सबै निकाय जस्तै : राजनीतिक प्रतिनिधित्व, सार्वजनिक सेवा र रोजगारीका क्षेत्रमा समानुपातिक प्रतिनिधित्वको अधिकार सुनिश्चित गरेको छ । यसका साथै दलितको उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था हुने, स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष व्यवस्था गरिने, भूमिहीन दलितलाई एकपटक जग्गा र आवासविहीन दलितलाई एकपटक आवासको व्यवस्था राज्यले गर्ने सवाल समावेश भएको छ। त्यस्तै, धारा ४२ ले सामाजिक न्यायको हकले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ ।

यो संविधानले राष्ट्रिय दलित आयोगलाई संवैधानिक निकायकोरुपमा अधिकार सम्पन्न (धारा २५५) बनाएको छ । जातीय विभेद तथा छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने उद्देश्य पूर्तिका लागि संविधानको धारा २५६ ले आयोगको काम, कर्तव्य र अधिकारहरू सम्बन्धी व्यवस्था गरेको छ । आयोगमा अध्यक्ष र चार जना सदस्य रहने व्यवस्था छ भने आयोगलाई दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानून र संस्थागत सुधारका लागि सिफारिस गर्ने, दलितको उत्थान तथा विकासका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी सरकारसमक्ष पेश गर्ने, दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्थाहरू कार्यान्वयन भए, नभएको अनुगमन गरी सरकारलाई सुझाब दिने, अन्तर्राष्ट्रिय

[५] नेपालको संविधान २०७२

सन्धी वा सम्झौतामा उल्लेखित व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका लागि सरकारलाई सुझाब दिने, दलित समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने तथा जातीय भेदभाव तथा छुवाछुतको घटनामा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानूनबमोजिम अदालतमा मद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने लगायत अधिकारहरू प्रदान गरेको छ ।

जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन २०६८, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली २०७४ तथा मुलुकी अपराध संहिता २०७४ को दफा १६० र १६६ ले जातीय भेदभाव र छुवाछूतलाई सामाजिक अपराधका रुपमा निषेध गर्दै त्यस्तो कार्य गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ भने यस्तो कसूर कुनै राष्ट्रसेवक वा सार्वजनिक पद धारण गरेको व्यक्तिले यस्तो भेदभाव गरेको खण्डमा तोकिए भन्दा थप ५० प्रतिशत सजाय थप हुने व्यवस्था गरिएको छ ।

## दलित माथिको विभेदका प्रकृति

नेपाली समाजमा अझै पनि जातीय भेदभाव र छुवाछुतजस्तो गम्भीर अपराध कायमै छ । सामाजिक-राजनीतिक रुपान्तरणका साथै विभेदविरुद्ध संवैधानिक र कानुनी व्यवस्था भए पनि जातका आधारमा हुने विभेद, हिंसा, अपमान र अत्याचार अन्त्य हुन सकेको छैन[६] । बरु दलितमाथि हुने भेदभाव र विभेदको स्वरुप परिवर्तन हुँदै गएको छ । विज्ञान र प्रविधिको विकाससँगै जातका आधारमा हुने यस्तो विभेद डिजिटल स्पेसमा पनि व्यापकरुपमा बिस्तार हुन पुगेको छ ।

संविधान कार्यान्वयनको दशक बित्न लाग्दा समाजले निकै फड्को मारिसकेको छ । जस्तो कि समाजको साक्षरता दर वृद्धि भयो, गरिबी घट्यो, उच्च शिक्षा पाउनेको संख्या बढ्यो, सूचना-प्रविधिमा पहुँच बढ्यो । यद्यपी विगतको तुलनामा सुधार अवश्य भएको छ । तर, जातीय भेदभाव र छुवाछुत भने अझै पनि निरन्तर छ । अहिले पनि छुवाछूत वा छोइछिटो गर्नुलाई सामान्य मानिन्छ । दलितले गैरदलितको घर वा निजी सम्पत्तिको क्षेत्रमात्रै होइन, सार्वजनिक स्थल, पसल वा मन्दिरमा समेत विभेदरहित पहुँच पाएका छैनन् । धारा पधेँरा, सार्वजनिक पूजा आजा, महायज्ञ जस्ता धार्मिक अनुष्ठानमा गरिने निषेध निरन्तर छ । आजको शिक्षित युवा नै किन नहोस्, ऊ स्वरुप फेरेर नयाँ ढंगबाट विभेद गर्न उद्धत छ । तर दलितलाई आफूसरह समान सामाजिक हैसियतको मानिस स्वीकार्न तयार छैन । जसका कारण जातका आधारमा भेदभाव र छुवाछुत अहिले पनि हरेक दलितको दैनिक अनुभव बनेको छ ।

दलितलाई जातका कारण हत्या, बलात्कार, अपहरण, कुटपिट, आत्महत्या गर्ने बाध्य पार्ने, छुवाछूत-भेदभाव, अपहेलना, बहिस्कार, मनोवैज्ञानिक यातना, यौनजन्य हिंसाजस्ता बहुआयमिक प्रकृत्तिका विभेद हुने गरेका छन् । विशेषगरी दलित र गैरदलितबीचको अन्तरजातीय विवाहका सन्दर्भमा अत्यन्तै धेरै हत्या, हिंसा र यातनाका घटना हुने गरेका छन् । जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ जारी भएपछिको तथ्याङ्कलाई हेर्ने हो भने ७९ जना दलित जातका आधारमा हुने विभेदकै

[६] राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन, २०८०/०८१


कारण हत्या गरिएका छन् । गैरदलित युवतीसँगको प्रेम सम्बन्धका कारण २०७७ जेठ १० मा रुकुम पश्चिम चौरजहारीस्थित सोतीमा नवराज विश्वकर्मासहित ६ जना युवाको नरसंहार गरिएको थियो । उक्त नरसंहारमा दुईजना गैरदलित युवाको पनि हत्या भएको थियो । देशैभरि विभिन्न बाहानामा दलितको हत्या गर्ने वा आत्महत्या दुरुत्साहनका अनेकौं घटना हुने गरेका छन् (देशभरि भएका हत्याका घटनाको सूची अनुसूची ८ मा समावेश गरिएको छ) । यसैगरी दलित-गैरदलित अन्तरजातीय प्रेम विवाहका कारण दलितमाथि बलात्कार, शरीर बन्धक र मानव बेचबिखनजस्ता अपराधका मुद्दा लाग्ने गरेका छन् । विवाह गर्ने उमेर नपुग्दै भएका अन्तरजातीय विवाहका कारण जेल जीवन बिताउन बाध्य दलितको संख्या पनि प्रशस्तै रहेको छ ।

## १४ वर्षमा ७९ दलितको हत्या

कानुनीरुपमा जातीय विभेद र छुवाछूतलाई गम्भीर सामाजिक अपराध करार गरी दण्डनीय बनाएपछि अर्थात्  जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लागू भएदेखि २०८२ जेठसम्म ७९ जना दलितले ज्यान गुमाउन बाध्य भएका छन् । यसरी दलितको हत्या हुनु वा आत्महत्या गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुनुको मुख्य कारण जातका आधारमा हुने विभेद र हिंसा नै रहेको पाइएको छ । चुलो छोएको निहुँमा कालिकोटमा मनविरे सुनारको हत्या भएको घटना होस् वा अन्तरजातीय प्रेम सम्बन्धका कारण जाजरकोटका नवराज विकसहित ६ जना युवाको नरसंहार गरिएको घटना वा अन्तरजातीय प्रेम सम्बन्ध र विवाहलाई समाजले अस्वीकार गरेपछि एउटै डोरीमा पासो लागेर आत्महत्या गर्न विवश झापाका अस्मिका सार्की र ईश्वर भट्टराई हुन्, जातमा आधारित विभेद नै यी सबै घटनाको मुख्य कारण हुन् ।

जातका कारण भएका हत्याजन्य घटनामा दलित र गैरदलित दुवै मारिएका छन् । यो अध्ययनमा समावेश घटनामध्ये ७५ जना दलितको हत्या भएको छ भने ४ गैरदलित पनि मारिएका छन् । यसैगरी मारिनेमध्ये ४१ जना पुरुष छन् भने ३८ जना

**विं.सं. २०६८ देखि २०८२ सम्म जातका आधारमा भएका हत्याको विवरण (प्रकृति र प्रवृत्ति)**



महिला छन् । हत्याका यी घटनामध्ये सबैभन्दा धेरै अन्तरजातीय प्रेम सबन्ध र विवाहका भएका छन् । कतिपयको अन्तरजातीय प्रेम सम्बन्धका कारण त कतिपयको अन्तरजातीय विवाहका कारण हत्या भएको पाइएको छ । कतिपय घटनामा अन्तरजातीय प्रेमसम्बन्धलाई विवाहमा परिणत गर्ने प्रयास गर्दा आफ्नै प्रेमीबाट हत्या गरिएका छन् ।

यो अवधिमा अन्तरजातीय प्रेम सम्बन्धका कारण २४ जनाको हत्या भएको छ भने जातीय भेदभावकै कारण २३ जनाको हत्या भएको छ । यसैगरी अन्तरजातीय विवाहका कारण ८ जनाको हत्या भएको छ भने १२ जनाको बलात्कारपछि र एकजनाको बलात्कार प्रयासपछि हत्या भएको छ । अर्कोतिर, अन्तरजातीय प्रेम सम्बन्धका कारण कतिपय दलित युवायुवतीले आत्महत्या गर्नुपर्ने परिस्थिति आएको पाइन्छ । यो अवधिमा बलात्कार भएका कारण एकजनाले आत्महत्या गर्नु परेको थियो भने यौन हिंसामा न्याय नपाएपछि एकजनाले आत्महत्या गर्नु परेको थियो । यसैगरी यौन हिंसाकै घटनामा न्याय नपाएपछि एकजनाको शंकास्पद मृत्यु भएको थियो । यसैगरी उपचार नपाएर मृत्यु २ भएको थियो भने कामबाट निकालेपछि एकजनाले आत्महत्या गर्नुपरेको थियो । बोक्सीको आरोप एकजनाको हत्या भएको थियो भने भोकमरीका कारण एक जनाको मृत्यु हुन पुगेको थियो ।

प्रदेशअनुसार हेर्दा सबैभन्दा धेरै मधेश प्रदेशमा दलितको हत्या भएको छ । २०६८ देखि २०५२ जेठसम्म मधेशमा २३ जना दलितको हत्या भएको छ भने कर्णाली प्रदेशमा १५ जनाको हत्या भएको छ । यसैगरी कोशी प्रदेशमा ९ जना, वागमती प्रदेशमा १० जना, गण्डकी प्रदेशमा ८ जना, लुम्बिनी प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा ८ जना दलितको हत्या भएको पाइएको छ । कोभिड महामारीको अवधिमा सबैभन्दा धेरै दलितको हत्या भएको तथ्यांकले देखाएको छ । कोभिड महामारीकै अवधिमा २०७७ मा २९ जना दलितको हत्या भएको छ । रुकुम नरसंहार पनि कोभिड महामारीको समयमै भएको थियो । यसैगरी कोडिभ अवधिभित्रै २०७८ मा १४ जना, २०८१ मा ६ जना, २०८० मा ५ जना दलितको हत्या भएको थियो । तथापि कोभिड अवधिको अगाडि र पछाडि पनि दलितको हत्या भएका थुप्रै घटना छन् । २०६८ मा ४ जना दलितको हत्या भएको थियो भने २०६९ मा १ जना, २०७० मा २ जना, २०७१ मा १ जना, २०७३ मा ५ जना, २०७४ मा १ जना, २०७५ मा ६ जना, २०७६ मा १ जना, २०७९ मा २ जना र २०८२ मा २ जना दलितको हत्या भएको थियो ।

समाज आधुनिकतातिर फड्को मार्दैछ तर जातका आधारमा हुने छुवाछूत-भेदभावका घटनामा भने खासै कमी आउन सकेको छैन । संविधान र कानुनले निजी तथा सार्वजनिक कुनै पनि स्थानमा जातका आधारमा विभेद गर्न नपाउने व्यवस्था गरेको छ । तर, देशैभरिका ठूला सहरमा दलितले सहजै कोठाभाडा पाउने अवस्था छैन । सार्वजनिकरुपमा भाडा प्रयोजनका लागि राखिएका कोठामा दलित भएकै कारण कोठाभाडा नदिनु जातका आधारमा हुने विभेद हो । तर, देशैभरि कोठाभाडा लिने क्रममा दलितमाथि विभेद, हिंसा र मनोवैज्ञानिक दबाब हुने गरेको छ । काठमाडौंमा डेराभाडाका सन्दर्भमा भएका विभेदविरुद्ध दलित युवाले कानूनी लडाईंसमेत गर्नु परेको अवस्था यथावत छ ।

सार्वजनिक स्थानमा दलितमाथि हुने भेदभाव र छुवाछूतजन्य घटनामा पनि खासै कमी आएको छैन । मन्दिरमा पूजा गर्न पाउनु पर्ने दाबी गर्दा चितवनको भीमबहादुर विश्वकर्माको कुटपिटबाट हत्या भयो । सार्वजनिक भोजमा बोलाएर दलितलाई छुट्टै लाइनमा राख्ने वा भोजमै बोलाएर विभेद

गरेका धेरै घटना सार्वजनिक भएका छन् । यतिसम्म कि निर्वाचित जनप्रतिनिधिले नै दलितमाथि जातका आधारमा विभेद गरेका थुप्रै घटना सार्वजनिक भएका छन् । राज्यले उपलब्ध संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्दा दलित समुदाय निरन्तर अन्याय र विभेदको शिकार हुन बाध्य छन् ।

आजको शिक्षित युवा नै किन नहोस्, ऊ स्वरुप फेरेर नयाँ ढंगबाट विभेद गर्न उद्धत छ । औपचारिक शिक्षा हासिल गरेका, विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्ति पनि दलितमाथि प्रत्यक्ष/अप्रत्यक्षरुपमा छुवाछूत-भेदभावको अभ्यास गरिरहेको हुन्छन् । यतिसम्म कि कतिपय विद्यालयका शिक्षक/शिक्षिकाले समेत दलित विद्यार्थीमाथि विभेदजन्य व्यवहार गर्ने गरेका छन् । तर, यस्ता गम्भीर प्रकृत्तिका विभेदका घटनामा न त पीडितले उजुरी गर्ने र कानुनी उपचार खोज्न सक्ने परिस्थिति बनेको छ न त ती विभेदकारीमाथि कारबाही नै हुने अवस्था निर्माण भएको छ । यसैगरी सूचना प्रविधिको विकाससँगै यस्तो विभेदकारी सोंच डिजिटल स्पेसमा पनि बिस्तार भइरहेको छ । विशेषगरी सामाजिक सञ्जालमा दलितविरुद्ध घृणायुक्त गालीगलौज, अपमानजन्य टिप्पणी र साइबर बुलिङ गर्ने क्रम बढिरहेको छ । अझ दलित महिला र किशोरीहरूले जातीय, लैङ्गिक, यौन हिंसा र बलात्कारजन्य धम्कीजस्ता बहुआयमिक हिंसा र विभेद खेप्न बाध्य छन् ।

दलितमाथि हुने यस्ता विविध प्रकृत्तिका विभेद, हिंसा, बहिस्कार, अपमानविरुद्ध संवैधानिक र कानुनी व्यवस्था छन् । जातीय विभेदको मुद्दा सरकारवादी भएको हुँदा सरकारले नै पीडितको पक्षबाट न्याय प्राप्तिका लागि सहयोग गर्नुपर्ने कानूनी व्यवस्था पनि छ । यति मात्रै होइन, यस्ता विभेद र अपराधको अन्त्यका लागि कानून कार्यान्वयन गर्ने निकायका साथै दलित अधिकार संरक्षण र प्रबर्द्धनका लागि राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानवअधिकार आयोगजस्ता संवैधानिक निकाय पनि स्थापित भएका छन् । संवैधानिक, कानुनी र संरचनात्मक व्यवस्था उपलब्ध भए पनि दलितले सहजै न्याय प्राप्त गर्न सक्ने परिस्थिति निर्माण भएको छैन । दलितको न्यायमा पहुँचको अवस्थाबारे यहाँ चर्चा गरिएको छ ।

## दलितलाई न्याय प्राप्तिमा चुनौती

संविधानले हरेक नागरिकलाई कानुनी अधिकार, संरक्षण, सहायता र त्यसको उपभोग गर्ने तथा निष्पक्ष सनुवाई पाउने हक प्रदान गरेको छ । यस्तो अधिकार प्राप्त गर्नु नै न्यायमा पहुँच हुनु हो । यो केबल अदालतसम्म पुग्न सक्नु वा न्यायिक प्रक्रियामा सहभागिता जनाउनु मात्रै होइन, कुनै पनि किसिमको भेदभावबिना समानरुपमा राज्यद्वारा प्रत्याभूत कानूनी संरक्षण प्राप्त गर्नु पनि हो । यो केबल कानुनमा लेखिएको अधिकार मात्रै होइन, त्यसको व्यवहारिकरुपमा उपभोग गर्न सक्ने वातावरणको सुनिश्चिता पनि हो ।

यसकारण अत्यन्तै धेरै उत्पीडन, विभेद र हिंसाको सामना गरिरहेको दलित समुदायको न्यायमा पहुँच हुनु अत्यावश्यक छ । दलित भएकै कारण उनीहरूमाथि भएको बहिष्कार, विभेद र हिंसाको घटनामा राज्यबाट कानुनी संरक्षण र उपचार पाउनु हो । तर न्यायका पहुँचको दृष्टिकोणबाट हेर्दा दलित समुदायको अवस्था अत्यन्त कमजोर छ । जात व्यवस्था र समाजको विभेदकारी सोचबाट प्रभावित न्याय प्रणालीले दलित समुदायमाथिको विभेद र बहिष्कारप्रति संवेदनशील बन्न सकेको देखिँदैन[७] । त्यसैले व्यवहारमा न्याय प्राप्त गर्ने

[७] धौलाकोटी प्रकाश । २०७७ । दलितलाई न्यायमा उल्झन: छुवाछूतका मुद्दा अदालतसम्म पुग्छन् तर पिडितले न्याय पाउदैनन् । नयाँ पत्रिका दैनिक

सन्दर्भमा दलित समुदायले अनेकौं सामाजिक, आर्थिक, संस्थागत र सांस्कृतिक अवरोध भोलिरहेका छन् । गरिबी, अशिक्षा, सूचना र कानुनी साक्षरताको अभाव, प्रहरी प्रशासनमा रहेको जातीय पूर्वाग्रह, राजनीतिमा कमजोर प्रतिनिधित्व र न्यायिक निकायको असंवेदनशीलताले न्यायमा दलितको पहुँच कमजोर बनेको देखिन्छ ।

पछिल्लोपटक कास्कीको पोखरा महानगरपालिका-२ का वडाध्यक्ष भरतबहादुर अधिकारीले वडासदस्य मैया नेपालीमाथि जातीय विभेद गरेको मुद्दामा २०८० मंसिर ७ मा जिल्ला अदालत कास्कीले वडाध्यक्ष अधिकारीलाई साढे ४ महिना कैद ७५ हजार रुपैयाँ सजाय सुनाएको थियो [८] । यस्तै, मिति २०८१ चैत्र १७ गतेदेखि महायज्ञ गर्न भनेर आफ्नो घर भत्काइएका भन्दै डोम समुदायका दीपक मल्लिकले सिरहा, औरही गाउँपालिकाका अध्यक्षसहित तीन जनाविरुद्ध जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसुरमा जाहेरी दिए[९] । तर अनुसन्धानको घेरामा रहेका उनी केही दिनमै धरौटीमा छुटे । बजरंग बाबाको आदेशमा गाउँपालिका अध्यक्ष र पूर्व वडाअध्यक्षले दलित समुदायको घर भत्काएका थिए । यस्तै अन्तरजातीय प्रेम सम्बन्धका कारण जाजरकोटका नवराज विकसहित ६ जनाको हत्या भएको सोती घटनामा २०८० मंसिर १९ गते जिल्ला अदालत रुकुमपश्चिमले २४ जनालाई कर्तव्य ज्यान र जातीय भेदभावसम्बन्धी मुद्दामा दोषी ठहर गर्दै जन्मकैदको फैसला सुनाएको थियो । तर उच्च अदालत सुर्खेतले २०८२ बैशाख १६ गते कर्तव्य ज्यान मुद्दामा जिल्लाको फैसलालाई सदर गर्दै जातीय भेदभावसम्बन्धी कसूरमा सफाइ दियो ।

जातीय विभेदका मुद्दामा न्याय प्राप्त नगर्नेको सूची भने लामो छ । काठमाडौँमा कोठा भाडामा लिने क्रममा जातीय विभेद खेपेका रुपा सुनार र दीपा नेपालीको मुद्दा २०७८ मा प्रमाण नपुगेको भन्दै अदालतले सफाइ दियो । जबकि राजधानी काठमाडौँमै भएका यी घटनामा सबैभन्दा बढी सामाजिक बहस भएको थियो । सामाजिक सञ्जालमा दलित समुदायलक्षित घृणास्पद अभिव्यक्ति दिने धरान उपमहानगरपालिकाका मेयर हर्कराज साम्पाङलाई सरकारले पक्राउसम्म पनि गरेन । भोज खुवाउने क्रममा दलितलाई अलग्गै चुलो लगाएर विभेद गर्ने सप्तरीको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवविरुद्ध २०७९ चैत्र, प्रहरीमा उजुरी दर्ता भयो, उनलाई कारबाही गर्न माग गर्दै संघसंस्था र अधिकारकर्मीले जनकपुरधामदेखि काठमाडौँसम्म पनि विरोध जनाए । तर अध्यक्ष यादवलाई प्रहरीले पक्राउसम्म गरेन । भोजमा दलितहरुमाथि विभेदको साक्षी बनेका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखसहितको समाजले अध्यक्ष यादवले गरेको विभेदलाई अपराध नै मानेन । अझ डरलाग्दो त "अन्तरजातीय विवाह गर्ने दलित युवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार" शिर्षकमा मूलधारकै नयाँ पत्रिकाले २०८१ माघ २२ गते कभर स्टोरी नै लेख्यो र भन्यो कि, राज्यशक्तिकै(गृहमन्त्री र उच्च प्रहरी अधिकारीकै संलग्नतामा) आडमा सत्येन्द्रकुमार राम(चमार) र नेहा रौनियारको अन्तरजातीय विवाह सम्बन्धलाई तोड्न लाग्यो ।

जातीय भेदभाव र छुवाछुतको कसुर गर्नेलाई मुलुकी ऐनमा एक महिनादेखि तीनवर्षसम्म कैद वा पाँच सयदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । तर, हालसम्म छिटफुट मुद्दामा बाहेक दोषीलाई कैद सजाय भएको छैन । छुवाछूतका मुद्दामा अदालतले पनि थोरै जरिबाना र क्षतिपूर्ति मात्रै तिराउने गरेको पाइन्छ । जसको कारण हो, ऐनमा न्यायाधीशलाई दिइएको तजबिजी

---

[८] कान्तिपुर दैनिक । २०७८ । दलित समुदायलाई न्यायमा अझै मुस्किल ।

[९] नयाँ पत्रिका दैनिक । २०८१ । अन्तरजातीय बिहे गर्ने दलित यूवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार

अधिकार । ऐनमै सजायबारे निर्णय गर्न न्यायाधीशलाई तजबिजी अधिकार दिइएकाले जस्तो सुकै छुवाछूत वा भेदभावको मुद्दामा पनि न्यायाधीशले आफ्नो विवेक गर्न पाउँछन् ।

कानुन बनेपछि अहिलेसम्म अदालत पुगेका मुद्दाहरूको विश्लेषण गर्दा अधिकांश मुद्दामा पीडकले सफाई पाएका छन् । धेरैजसो मुद्दामा जरिवाना र क्षतिपूर्ति तिरेर पीडक उम्किएका छन् । जरिवाना पनि ठूलो रकम छैन, जसले गर्दा पैसा तिरे यिनीहरूलाई जे भने पनि हुन्छ भन्ने मानसिकतालाई प्रोत्साहन मिलेको छ । पछिल्लो वर्षमा जति पनि चर्चित मुद्दाहरु सार्वजनिक भएका छन्, तीमध्ये अधिकांश मुद्दामा अदालतले पीडितको प्रतिकूल फैसला दिएको छ ।

**अदालतसम्म पुगेका जातीय भेदभाव र छुवाछूतका अधिकांश मुद्दामा पीडकले सफाई पाएको देखिन्छ ।**

महान्यायाधिवक्ता कार्यालयका प्रतिवेदनअनुसार जिल्ला अदालतबाट आर्थिक वर्ष २०६८/०६९ देखि २०८०/०८१ सम्म १४४ वटा जातीय भेदभाव र छुवाछुत मुद्दाको फैसला हुँदा ८१ वटा मुद्दामा ठहर भयो भने ६३ वटामा पीडकले सफाई पाएका छन् ।

त्यस्तै, उच्च अदालतबाट ६७ मुद्दाको फैसला हुँदा १७ वटामात्रै ठहर भएको छ । ५० वटा मुद्दामा पीडकले सफाई पाएका छन् । सर्वोच्च अदालतले अहिलेसम्म जम्मा ७ वटा मुद्दाको फैसला गरेको देखिन्छ । त्यसमध्ये ४ वटामा ठहर र ३ वटामा पीडकले सफाई पाउने फैसला भएका छन् ।

पछिल्ला वर्षहरूको अवस्था हेर्दा आर्थिक वर्ष २०८०/०८१ मा जिल्ला अदालतबाट फैसला भएका ३५ वटा जातीय भेदभाव र छुवाछूतका मुद्दामध्ये १५ वटामा मात्रै ठहर भयो। २० वटामा पीडकले सफाई पाएका छन् ।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा २७ वटा फैसला मध्ये १५ वटामा ठहर र १२ वटामा सफाई भएको थियो भने आर्थिक वर्ष २०७८/०७९ मा ३६ मुद्दाको फैसला हुँदा २१ मुद्दामा पीडकले सफाई पाएका थिए । १५ वटामा मात्रै ठहर भएको थियो।

उच्च अदालतको तथ्यांकले पनि यस्तै चित्र देखाउँछ । आर्थिक वर्ष २०८०/०८१ मा उच्च अदालतबाट फैसला भएका ३३ वटा मुद्दामध्ये २१ वटामा ठहर भएको छ भने १२ वटामा पीडकले सफाई पाएका छन् ।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा २९ मुद्दाको फैसला हुँदा १० वटामा मात्रै ठहर भयो, अरु १९ मुद्दामा पीडकले सफाई पाए । आर्थिक वर्ष २०७८/०७९ मा उच्च अदालतहरूले २६ मुद्दाको फैसला गरेका थिए । त्यसमध्ये ९ वटामा ठहर हुँदा १७ वटामा पीडकले सफाई पाएका थिए ।

**दलितले अधिकांश घटनामा न्याय पाउन सकेका छैनन् । यसका मूलतभूत पाँच कारण रहेका छन् :**

**एक, कानुनी सचेतनाको कमी :** वि.स २०७२ को नयाँ संविधान जारीभएसँगै कयौँ नयाँ कानुनहरु बनेका छन् । कयौँ पुराना कानुनहमा संशोधन गरिएका छन् । तर, संविधान र कानुनसम्बन्धीको आधारभूत सचेतना जसरी नेपाल सरकारले गाउँतहसम्म पुऱ्याउनुपर्ने हो त्यो पुऱ्याउन सकेको छैन । अझै पनि हजारौँ मानिसहरु आफूमाथि भएको विभेदमा मौखिक या लिखित विरोध, निवेदन वा जाहेरी दिन र लेख्न सक्दैनन् । अझ, दलित समुदायसम्म यस्तो कानुनी सचेतना पुऱ्याउने सन्दर्भमा राज्यको उपेक्षा झनै बढी  छ । जसका कारण, आफूमाथि भएको जातीय विभेद र हिंसाको घटनामा यो समुदाय गुपचुप रहने बाध्य छ । किनकि, विभेदका घटनालाई जसरी समाजले सामान्यीकरण गर्छ, दलित समुदायको एउटा हिस्साले पनि त्यसरी नै लिने गर्छ । अर्कोतिर,

**दुई, दलित समुदायको न्यायमा पहुचहिनता :** दलित समुदायकाको न्याय क्षेत्रमा पहुँचहिनता । नेपालको सर्वोच्च अदालतको इतिहासमा अहिलेसम्म एकजना पनि दलित न्यायधीश नियुक्त भएका छैनन् भने जिल्ला अदालतमा तीनजना र उच्च अदालतमा तीनजना दलित समुदायका न्यायधीशको प्रतिनिधित्व रहेको छ । यदि जातका आधारमा हुने मुद्दाका सवालमा दलित समुदायका न्यायधीश हुने हो भने विभेदको अन्त्र्यको महसुस हुने र पीडितले न्याय पाउने सम्भावना बढी हुन्छ । तर अधिकांश गैरदलित समुदायका न्यायाधीशसँग जातका कारण भोग्नु परेको हिंसाको न त अनुभूति छ न त गहिरो संवेदनशीलता नै । यसैगरी कानुन कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रहरी र सरकारी वकिल पनि जात व्यवस्थाको सघन उत्पीडनबारे पर्याप्त जानकार छैनन् । त्यसैले गम्भीर प्रकृतिका जातीय विभेदका मुद्दामा पनि अनुसन्धान कमजोर हुने गरेका छन् । जस्तै : जातीय विभेदका घटनामा भौतिक प्रमाण प्रायः उपलब्ध हुँदैनन् । प्रहरी, सरकारी वकिल, न्यायायलयले त्यो गम्भीरतालाई अनुभूति गर्न नसकेको खण्डमा पीडितले न्याय पाउने सम्भावना पनि कम हुन पुग्छ ।

**तीन, राजनीतिक दलको दबाब र प्रभाव :** प्रायजसो जातीय विभेदका घटनालाई स्थानीय टाठाबाठाले नै उजुरीसम्म पुग्न दिँदैनन् र मिलापत्रमा टुङ्याउँछन् । प्रहरीसम्म पुगिहाल्यो भने प्रहरीले सहजै जाहेरी दर्ता गर्दैन । यो प्रक्रियासम्म पुग्नु अगाडि नै केही राजनीतिक दल र शक्तिको चलखेल हुने, पार्टी र नेतृत्वको दबाब र प्रभाव हुने गरेका थुप्रै घटना छन् । जस्तै : सिराहा औरही र भगवानपुरका गाउँपालिका अध्यक्षले किन उन्मुक्ति पाए ? रुकुम सोती नरसंहारको घटनासमेतलाई तत्कालिन सांसद जनार्दन शर्माले घटनालगतै कोभिडको बेलामा गाँउमा हुल बाधेर आउदा अर्को गाँउले लखेट्दा त्यो दुर्घटना हुन पुगेको हो भनेर संसदलाई ढाँटे । रुकुम नरसंहारबारे राजनीतिक नेतृत्वले दिएको अभिव्यक्ति वा मौनताको सवाल होस् वा कोठाभाडा प्रकरणमा तत्कालिन शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठले पीडकको संरक्षण गरेका घटना हुन् या वर्तमान गृहमन्त्री रमेश लेखककै आडमा पिडकले गरेका चलखेल हुन् । सबैजसो घटनामा राजनीतिक पार्टी र नेतृत्वले राजनीतिक शक्तिको दुरुपयोग गरेर दलितको न्यायविरुद्ध उभिने काम गर्दै आइरहेका छन् । यसले एकातिर दलितमाथिको विभेद र अत्याचारलाई बढवा दिन्छ भने अर्कोतिर जातीय विभेदका घटनामा दण्डहीनताको संरक्षण गर्छ ।

**चार, कानुन कार्यान्वयनमा पुर्वाग्रह र विभेदपूर्ण व्यवहार :** नेपालको एकातिर साहस बटुलेर जाहेरी दिन आएका पीडितलाई प्रहरीले जाहेरी नै नलिएर निराश बनाइदिन्छन् । अर्कोतिर जाहेरी दर्ता भइहाल्यो भने पनि पीडकलाई धाकधम्की, दबाब, प्रलोभन आदिमा पारिन्छ । धेरैजसो जातीय विभेदका घटनामा पीडितलाई न्यायिक प्रक्रियामा जानुभन्दा पहिले नै प्रभावित पारेर मिलेमतोमा टुङ्याइन्छ भने कतिपय अवस्थामा शक्तिको प्रयोग गरेर पीडितलाई नै होस्टाइल हुन बाध्य पारिन्छ । पीडितले दृढतापूवर्क न्यायिक लडाईं लड्न सक्ने परिस्थिति निर्माण भयो भने पीडितले न्याय पाउने सम्भावना किनै कमजोर हुन पुग्छ ।

**पाँच, पिडकलाई बलियो र दलितलाई कमजोर बनाउने सामाजिक संरचना :** विशेषगरी दलितमाथि भएका हिंसा, विभेद र अत्याचारका घटनामा पीडितभन्दा पीडक समूहनै बलियो हुने जात व्यवस्थामा आधारित  सामाजिक संरचना कायम छ । जातव्यवस्थामा आधारित समाजमा कथित उच्च जातको राजनीतिक, प्रशासनिक, न्यायिक क्षेत्रमा बलियो पहुँच उपलब्ध हुन्छ । तर, दलित समुदायसँग न त त्यस्तो राजनीतिक-प्रशासनिक पहुँच हुन्छ नत बलियो आर्थिक स्रोत नै । यस्तो

अवस्थामा दलितको न्यायका पक्षमा बलियोसँग लड्न साथ दिने नागरिक समाज वा सहयोगी हातको आवश्यक हुन्छ । तर, दलित समुदायलाई न्यायिक प्रक्रियामा सहयोग गर्ने संगठित वा असंगठित साथ सहयोगको अभावका कारण पनि दलितको न्यायमा सहज पहुँच पुग्न सकेको छैन ।

**न्याय प्राप्तिका अवरोध**

- समाजले जातीय भेदभाव र छुवाछुतलाई अपराधका रुपमा स्वीकार गरिँदैन र दैनिक जीवनमा भइरहने सामान्य घटनाक्रमका रुपमा लिइन्छ । समाजमा जातीय विभेदलाई अपराधको रुपमा स्वीकार नगरिएका कारण सहजै न्याय पाउने परिवेश निर्माण हुन सकेको छैन ।
- दलित समुदायमा संवैधानिक र कानुनी अधिकारबारे ज्ञान पर्याप्त मात्रामा पुग्न सकेको छैन ।
- न्याययिक प्रक्रियाका सबैजसो संयन्त्रमा दलितको प्रतिनिधित्व अत्यन्तै कजोर छ । प्रहरी, सरकारी वकिल, न्यायलय समावेशी नभएका कारण दलितको न्यायमा सहज पहुँच पुग्न सकेको छैन ।
- दलितमाथि भएका विभेदका घटनामा प्रमाणको भार पीडितमाथि नै थुपरिएको छ । जातका आधारमा हुने विभेदको घटनाको भौतिक प्रमाण कम हुने तर अन्य प्रमाण जुटाउन कठिन हुने भएका कारण न्याय प्राप्तिमा असहजता कायम छ ।
- जातका आधारमा हुने विभेद, हिंसा र अन्यायलाई न्यायिक प्रक्रियामा जानबाट रोक्न समाजका शक्तिशाली वर्ग र समुदायको दबाब र प्रभावले काम गरिरहेको छ ।
- दबाबकै बीच जाहेरी दर्ता भएको अवस्थामा पनि प्रहरी प्रशासनले गम्भीरतापूर्वक अनुसन्धान गर्ने र सरकारी वकिलले मुद्दालाई बलियो बनाउन पर्याप्त मात्रामा भूमिका खेल्ने गरको पाईंदैन ।
- कतिपय घटनामा दबाब र प्रभावकै कारण साक्षी दलितप्रति पूर्वाग्रही हुने र पीडककै पक्षपोषण गर्न पुग्ने खतरा पनि हुने गरेका छन् ।
- राजनीतिक पार्टीका नेता र सामाजिक कार्यकर्ता आदिको अन्यायमा परेका व्यक्तिलाई न्याय दिलाउने पक्षमा हुनु पर्ने हो तर अधिकांश घटनामा उनीहरुको भूमिका पीडकलाई छुटकारा दिलाउने पक्षमा बढी हुने गरेको देखिन्छ । यसले पनि दलितको संवैधानिक र कानुनी अधिकार अभ्यासमा चुनौती थपेको छ ।
- जातीय विभेद र छुवाछूतजन्य घटनाका सन्दर्भमा कानुनमा तोकिएको सजायको न्यूनतम अवधि नतोकिँदासम्म तजबिजी अधिकारको प्रयोग हुने सम्भावना रहन्छ । अर्कोतिर सजायँको अवधि कम भएको हुँदा सबैजसो कसूरदार धरौटीमा रिहा हुने गरेका छन् । यस्ता छिद्रको अभ्यासका कारण पीडितले न्याय पाउन गाह्रो हुने गरेको छ ।
- समाजका बुद्धिजीवी र सामाजिक अगुवा वा अभियन्ताले जातीय विभेदका घटनामा मौन रहने गरेका छन् । मौन रहनुको अर्थ विभेदलाई स्वीकार गर्नु वा न्यायका पक्षमा नउभिनु पनि हो । त्यसैले समाजका सचेत तप्काको भूमिका विभेद अन्त्य गर्ने पक्षमा हुन नसक्नु पनि दलितले न्याय नपाउने सवालसँग गाँसिएको छ ।

- नेपाली समाज जातव्यवस्थाकै शक्ति संरचनाबाट सञ्चालित छ । दलित समुदायलाई विभेदविरुद्ध वा न्यायका लागि कानुनी लगाईं लड्दा उठिबास हुने खतरा पनि सँगसँगै आउने गरेको देखिन्छ । डर र त्रासबिना न्यायिक प्रक्रियामा समावेश हुने परिवेश निर्माण नभएका कारण पनि दलितले न्याय पाउन सकिरहेका छैनन् ।

**जातीय भेदभाव र छुवाछूत मुद्दाको संवेदनशीलतालाई ध्यानमा राख्दै कानुनी तथा नीतिगतरुपमा सुधार गर्नुपर्ने विषयहरु :**

- छोटो र अपर्याप्त रहेको हदम्यादलाई संशोधन गरी कम्तीमा ६ महिनाको हदम्याद व्यवस्था गरिनुपर्छ ।
- सरल र सहजरुपमा जाहेरी दरखास्त दर्ताको सुनिश्चितता गरी दर्ता, अनुसन्धान र अभियोजनलाई पीडितमैत्री बनाइनुपर्छ ।
- घटनापछि पीडित र उसको पक्षको सुरक्षा तथा सरकारवादी साक्षीको सुरक्षा सुनिश्चितता गरिनुपर्छ ।
- प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था गर्दै यस्तो अपराध गर्नेलाई कम्तीमा ५ वर्ष कैद सजाय हुने व्यवस्था गरिनुपर्छ ।
- सजाय निर्धारण लगायत न्यायाधीशको स्वविवेकीय अधिकारमा कटौती गरिनुपर्छ ।
- जातीय भेदभाव र छुवाछुतको मुद्दाको विशिष्टतालाई ख्यालमा राख्दै त्यस्ता मुद्दाहरूको अनुसन्धान, अभियोजन र निगरानीसम्बन्धी मागदर्शन तयार गरी लागु गरिनुपर्छ ।
- कार्यस्थलमा बढ्दो आसयजन्य र अप्रत्यक्ष विभेदलाई कानुनीरुपमा सम्बोधन गरिनुपर्छ ।
- गृह मन्त्रालयको निर्देशनबमोजिम मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाइका क्रममा सहयोग गर्न स्थापना भएका दलित हेल्प डेस्कलाई प्रभावकारी कार्यान्वयन गरिनुपर्छ ।
- त्यस्ता डेस्कहरूमा दलित मुद्दाको संवेदनशीलता बुझेका कर्मचारी परिचालन, पर्याप्त श्रोत साधनको व्यवस्था गरी सचेतना अभिवृद्धि अभियान सञ्चालन गरिनुपर्छ ।
- जातीय भेदभाव र छुवाछुतका मुद्दा छिटो छरितोरुपमा निरुपण गर्ने गरी जिल्ला अदालतमा विशेष इजलासको व्यवस्था गरिनुपर्छ ।
- समाजमा गहिरो जरा गाडेर बसेको जातीय भेदभाव र छुवाछुतको संस्कृतिबारे संवेदनशील बन्न प्रहरी अधिकारीलाई तालिम र प्रशिक्षणहरू व्यवस्था गरिनुपर्छ ।
- जातीय भेदभाव र छुवाछुतको आवरणमा भएको अपराधलाई लुकाउन दबाब दिने, मिलापत्र गर्नेदेखि तोडमोड गरी मुद्दा दर्ता गर्नेसम्मलाई कारबाहीको दायरामा ल्याइनुपर्छ।
- जातीय भेदभाव र छुवाछुत सम्बन्धित मुद्दाहरूमा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले लापरवाही गरे वा अनुसन्धानमा असंवेदनशील भए वा अभियोजनमा कमजोरी भए त्यस्तो अवस्थाको अनुसन्धानका लागि संयन्त्र स्थापना गरिनुपर्छ ।
- जातीय भेदभाव तथा छुवाछुतविरुद्धको सचेतना अभियान, कानुनको कार्यान्वयन तथा दलित समुदायको संरक्षण, प्रवर्द्धन र सशक्तिकरणका लागि राष्ट्रिय दलित आयोगलाई सशक्त बनाउने, पर्याप्त स्रोत साधन उपलब्ध गराइनुपर्छ ।

- अन्तरजातीय विवाहका कारण हुने विभेद, बहिष्करण र हिंसालाई रोक्न देशव्यापी जनचेतना अभियान सञ्चालन गरिनुपर्छ ।
- राजनैतिक पार्टीहरुले जातीय भेदभाव र छुवाछूत विरोधी अभियानलाई पार्टीको केन्द्रीय नीति, कार्यक्रम र कार्ययोजन बनाएर नै देशभरि लागु गरिनुपर्छ ।
- जातीय भेदभाव र छुवाछुतको आवरणमा भइरहेका बहुआयामिक अपराधको विस्तृत अभिलेख तयार गरी विश्लेषण गरिनुपर्छ ।
- जातीय विभेदविरुद्धका नीति र कार्यक्रमहरू बनाई संघीय र प्रदेश सरकारहरूले पर्याप्त स्रोत र आवश्यक सहयोग उपलब्ध गराउने तथा स्थानीय तहले प्रभावकारी अभियानहरू सञ्चालन गरिनुपर्छ ।
- प्रदेश र स्थानीय तहमार्फत् दलित सशक्तिकरण ऐन निर्माण र कार्यान्वयन गरिनुपर्छ ।
- शैक्षिक पाठ्यक्रमलाई आधारभूत कक्षादेखि उच्चशिक्षासम्म नै जातीय भेदभाव र छुवाछूत, सामाजिक अपराध र कानुनी रुपमा दण्डनीय हुन् भन्नेगरी पाठ्यक्रमको विकास र पढाइको निरन्तरता गरिनुपर्छ ।
- विशेषगरी हिन्दुधर्म र यसका अनुष्ठान या अनुयायीहरुबाटनै जातीय भेदभाव र छुवाछूतजन्य गतिविधिहरु बढी मात्रामा हुँदै आएकोले हिन्दु धर्मसँग सम्बन्धीत धार्मिक संगठनहरुले नै जातीय छुवाछूत विरोधी जागरण अभियान र कानुनी सचेतना कार्यक्रमहरुलाई देशव्यापी रुपमा सञ्चालन गरिनुपर्दछ ।

## निष्कर्ष

संविधान र कानुनले जातीय विभेद, छुवाछुत-भेदभावलाई गम्भीर सामाजिक अपराध करार दण्डनीय हुने व्यवस्था गरेको छ । संवैधानिक र कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने मुख्य दायित्व राज्यको हो । त्यसकारण राज्यले दलित अधिकारसँग सम्बन्धित संवैधानिक र कानुनी व्यवस्थाको दृढतापूर्वक कार्यान्वयन गर्न आवश्यक ऐन, नीति, कार्यक्रम र योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्छ। यसका लागि संघीय, प्रदेश र स्थानीय सरकारले जातीय विभेद उन्मुलन केन्द्रित अभियान अनिवार्यरुपमा सञ्चालन गर्नैपर्ने नीति र कार्यक्रम सञ्चालन गर्नुपर्छ । राज्य संयन्त्र दलित समुदायमाथि हुने हिंसा, हत्या, बलात्कार, अपहरण, घृणायुक्त अभिव्यक्ति अपमानजस्ता घटनामा संवेदनशील हुन सकेको छैन भने पीडितको न्यायमा सहज पहुँच पुग्ने वातावरण तयार पार्न सकेको छैन । त्यसैले पीडितले सहजै न्यायिक प्रक्रियामा जान सक्ने र अधिकारको अभ्यास गर्ने वातावरण निर्माण गर्नुपछ । यसका लागि कुनै पनि जातका आधारमा हुने विभेद, हिंसा र अत्याचारको घटनालाई गम्भीर सामाजिक अपराधका रुपमा लिएर सोहीअनुरुप जाहेरी दर्ता गर्ने, यस्ता घटना अनुसन्धानका लागि आवश्यक सीप, क्षमता र ज्ञानसहितको प्रहरी परिचालन गर्ने, सरकारी वकिल र न्यायलयलाई समावेशी बनाउने ठोस योजना सरकारले ल्याउन आवश्यक छ ।

जातका आधारमा हुने विभेद र हिंसाका घटनालाई हेर्ने गरी प्रत्येक प्रहरी कार्यालयमा दलित डेस्क स्थापना गरिनुपर्छ र दलित समुदायमा मुद्दालाई गम्भिर र संवेदनशीलतापूर्वक हेर्ने जनशक्ति परिचालन गरिनुपर्छ ताकि जातका आधारमा हुने कुनै पनि विभेदको घटनामा प्रहरीले अग्रसरतापूर्वक न्याय प्रदान गर्ने सहयोग पुग्ने अवस्था निर्माण होस् ।

दलितलाई न्याय प्राप्तिका लागि छुवाछुतविरुद्धको ऐनमा रहेको अपर्याप्त कानुनी हदम्याद, न्याय प्रणालीमा दलित समुदायको प्रतिनिधित्वको अभाव तथा प्रभावकारी अनुगमन संयन्त्र र जवाफदेहिताको अभाव लगायत धेरै कारणले दण्डहीनता मौलाएको देखिन्छ । त्यसमाथि वर्तमान कानुनमा अनेकौँ छिद्रहरू छन् । अर्कोतिर बिगतमै बनिसकेको विशिष्टीकृत कानुनको कार्यान्वयन गर्नेभन्दा पनि मुलुकी ऐनमार्फत् अलग्गै व्यवस्था गरेर विशिष्टीकृत कानुनलाई जसरी सामान्यीकरण गर्ने काम भएको छ, त्यसले पनि दलितहरूलाई न्याय दिनेभन्दा पनि विभेदलाई सरलीकृत गर्ने र निरन्तरता दिइरहने राज्यको मानसिकता झल्काउँछ ।

पीडितलाई न्याय दिलाउन जिम्मेवार प्रहरी पीडितलाई सहयोग गर्दैनन्, र त्यस्तो मुद्दालाई दबाउनेतर्फ उद्दत हुन्छन्, त्यस्तो प्रहरीबाट न्यायको अपेक्षा गर्न सकिदैन । पीडितले जाहेरी दर्ता गर्नकै लागि आन्दोलन उठाउनुपर्ने अवस्था यहीकारण आउने हो । न्यायिक निकायहरू समावेशी नहुने, त्यहाँ दलितमैत्री डेस्कहरू खडा नगर्ने र दलितलाई न्यायका लागि विशिष्ट योजना नल्याउने हो भने अझै दशकौँसम्म दलितले न्याय नपाउने र पाइलैपिच्छे विभेद र अत्याचार भोगेर संघर्ष गरिरहनु पर्ने अवस्था निरन्तर रहिरहन्छ । त्यसैले यस्तो अवस्थाको अन्त्यका लागि राज्यका सबै निकायमा छुवाछूत-भेदभावविरुद्ध शून्य सहनशीलताको नीति लागू गर्ने, यस्तो विभेदमा संलग्न व्यक्तिलाई राज्यबाट प्रदा नगरिने सबै किसिमको सेवा सुविधामा रोक लगाउने व्यवस्था गरिनुपर्छ । सरकारले दलित समुदायका संवैधानिक र कानुनी अधिकारको कार्यान्वयनका लागि बृहत्तर रणनीति र कार्यक्रम बनाएर लागू गर्ने हो भने दलितमाथिको विभेद र हिंसा न्यूनीकरणमा सहयोग पुग्नेछ ।

## सन्दर्भ सामाग्री

नेपाल सरकार । २०७२ । नेपालको संविधान, २०७२ । काठमाडौं : नेपाल कानून आयोग रीाष्ट्रय दलित आयोग । २०८१ । रीाष्ट्रय दलित आयोगको चौथो वार्षिक प्रतिवेदन २०८०/०८१

पासवान भोला । २०८२ । दलित महिलामाथि अत्याचारको शृंखला । कान्तिपुर दैनिक https://ekantipur.com/opinion/2025/04/22/a-series-of-atrocities-on-dalit-women-56-42.html

धौलाकोटी प्रकाश । २०७७ । दलितलाई न्यायमा उल्झनः छुवाछूतका मुद्दा अदालतसम्म पुग्छन्, तर पिडितले पाउँदैनन् न्याय । नयाँ पत्रिका दैनिक । २०७७ कात्तिक ११ ।
https://www.nayapatrikadaily.com/news-details/53242/2020-10-17 /५३२४२/२०२०-१०-१७

कीान्तपुर दैंनिक । २०७८ । दलित समुदायलाई न्याय अझै मुस्किल । २०७८ चैत ७ । https://ekantipur.com/news/2022/03/21/164782592493992185.html

रम्तेल पर्शुराम । २०७८ । कानुनले रोक्न नसकेको छुवाछूत । नयाँ पत्रिका दैनिक । २०७८ जेठ २१ https://nayapatrikadaily.com/news- details/65139/2021-06-04

लोक सेवा आयोग । २०८२ । लोक सेवा आयोगको ६५औं वार्षिक प्रतिवेदन-२०८०

महान्यायधिवक्ताको कायार्लय । २०८२ । महान्यायधिवक्ताको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०६८ देखि २०८१ सम्म

रीाष्ट्रय तथ्यांक कार्यालय । रीाष्ट्रय जनगणना २०७८ दलितसम्बन्धी तथ्यांकीय प्रतिवेदन । २०७८

आहुति, भूमीमा दलितको स्वामित्व, आत्मनिर्भर विकास मञ्च, २०६०

नयाँ पत्रिका । २०८१ । अन्तरजातीय बिहे गर्ने दलित यूवा माथी गृहमन्त्रीकै निर्देशनमा अत्याचार । २०८१ माघ २२

**अनुसुची १**

**जातीय भेदभाव र छुवाछूतको उजुरीको अवस्था**

| आव | पूर्वाञ्चल | मध्यामाञ्चल | उपत्यका | पश्चिमाञ्चल | म.प.क्षे | मु.प.क्षे. | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७०/७१ | ३ | १ | १ | ६ | २ | ३ | १६ | | |
| २०७१/७२ | १ | ६ | १ | १ | १ | | १० | | |
| २०७२/७३ | ४ | ६ | | ३ | ४ | २ | १९ | | |
| २०७३/७४ | ४ | ६ | २ | ७ | ४ | २ | २५ | | |
| | | | | | | | | | |
| आ.व. | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश | उपत्यका | जम्मा |
| २०७४/०७५ | ४ | ४ | २ | २ | १ | ० | ४ | १ | १८ |
| २०७५/०७६ | ६ | ६ | ५ | ५ | ४ | ६ | ९ | २ | ४३ |
| ०७६/०७७ | ४ | २ | ६ | २ | ४ | १ | ९ | २ | ३० |
| ०७७/०७८ | ७ | १ | २ | १ | ६ | ४ | १५ | ३ | ३९ |
| ०७८/०७९ | ३ | १ | २ | १ | ४ | ० | ३ | १ | १५ |
| २०७९/०८० | १ | २ | २ | ३ | ८ | ४ | ६ | १ | २७ |
| २०८०/०८१ | ५ | ५ | २ | ० | ३ | ८ | १ | ५ | २९ |
| २०८१/०८२ चैतसम्म | १ | १ | २ | १ | ३ | ३ | २ | १ | १४ |
| जम्मा | ३१ | २२ | २३ | १५ | ३३ | २६ | ४९ | १६ | २१५ |

श्रोत : नेपाल प्रहरी, महिला वालवालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय, २०८१

**अनुसुची २**

**प्रहरीमा उजुरी परेर अनुसन्धानपछि अदालतसम्म पुगेका छुवाछूत तथा जातीय विभेदका मुद्दाको विवरण**

| प्रहरीमा उजुरी परेर अनुसन्धानपछि अदालतसम्म पुगेका छुवाछुत तथा जातीय विभेदका मुद्धाको विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आर्थिक वर्ष** | **महान्यायाधिवक्ता** | | | | **उच्च सरकारी वकिल कार्यालय** | | | | **जिल्ला सरकारी वकिल** | | | |
| | *लगत* | *फैसला* | *ठहर* | *सफाई* | *लगत* | *फैसला* | *ठहर* | *सफाई* | *लगत* | *फैसला* | *ठहर* | *सफाई* |
| २०८०/०८१ | २ | ० | ० | ० | ६३ | ३३ | २१ | १२ | ५९ | ३५ | १५ | २० |
| २०७९/०८० | ३ | १ | १ | ० | ४४ | २९ | १० | १९ | ५२ | २७ | १५ | १२ |
| २०७८/०७९ | १ | ० | ० | ० | ४९ | २६ | ९ | १७ | ६१ | ३६ | १५ | २१ |
| २०७७/०७८ | ० | ० | ० | ० | ५० | २८ | ५ | २३ | ८२ | ४० | १४ | २६ |
| २०७६/०७७ | ० | ० | ० | ० | ३० | १८ | ५ | १३ | ७८ | ३९ | १० | २९ |
| २०७५/७६ | ० | ० | ० | ० | २१ | १४ | ४ | १० | | १६ | ९ | ७ |
| २०७४/०७५ | | १ | | १ | | ११ | ३ | ८ | | ३६ | २१ | १५ |
| २०७३/०७४ | | ३ | २ | १ | | १० | १ | ९ | | २० | ११ | ९ |
| २०७२/०७३ | | | | | | ८ | २ | ६ | | १० | ६ | ४ |
| २०७१/०७२ | | २ | २ | | | १२ | २ | १० | | २४ | १२ | १२ |
| २०७०/०७१ | | | | | | ७ | २ | ५ | | २२ | १२ | १० |
| २०६९/०७० | | १ | | १ | | २ | १ | १ | | ८ | ६ | २ |
| २०६८/०६९ | | | | | | ३ | २ | १ | | ८ | ४ | ४ |
| **जम्मा** | | **७** | **४** | **३** | | **६७** | **१७** | **५०** | | **१४४** | **८१** | **६३** |

*स्रोत : महान्यायाधिवक्ता कार्यालयका प्रतिवेदनहरु*

**अनुसुची ३**

**न्यायालयमा दलित समावेशी कति?**

जिल्ला अदालततर्फ १.५ प्रतिशत, उच्च अदालततर्फ २.११ प्रतिशत र सर्वोच्च अदालतमा कुनै पनि न्यायाधीशको प्रतिनिधित्व छैन।

| अदालतको नाम | जम्मा न्यायाधीश | दलित समुदायका न्यायाधीशको संख्या | प्रतिशत |
|---|---|---|---|
| सर्वोच्च अदालत | १७ | ० | ० |
| उच्च अदालत | १४२ | ३ | २.११ |
| जिल्ला अदालत | २५० | ३ | १.५ |
| जम्मा | ४०९ | ६ | १.४७ |

स्रोत : राष्टिय दलित आयोग, २०८१

**अनुसुची ४**

## निजामती सेवामा दलित

| कुल जम्मा | | |
|---|---|---|
| कुल जम्मा | दलित | दलित प्रतिशत |
| ४५३०३ | ८५५ | १.८८ |

| विशिष्ट श्रेणी | | | सहसचिव | | | उपसचिव | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | दलित | दलित प्रशित | जम्मा | दलित | दलित प्रतिशत | जम्मा | दलित | दलित प्रतिशत |
| ६४ | ० | ० | ६६१ | ३ | ०.४५ | ३०६० | ३० | ०.९८ |

| शाखा अधिकृत | | | नायब सुब्बा | | | श्रेणीविहीन | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | दलित | दलित प्रतिशत | जम्मा | दलित | दलित प्रतिशत | जम्मा | दलित | दलित प्रशित |
| ८४३७ | १७४ | २.०६ | २०६४४ | ४७२ | २.२८ | १२४३७ | १७६ | १.४१ |

स्रोतः निजामती किताबखाना

**अनुसुची ५**

## सशस्त्र प्रहरी बल

| | अधिकृतस्तर | | | सहायकस्तर | | | श्रेणीविहीन | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | दलित | प्रतिशत | कुल | दलित | प्रतिशत | कुल | दलित | प्रतिशत | कुल | दलित | प्रतिशत |
| प्रशासनतर्फ | १४८७ | १६ | १.०८ | ३२०५२ | २६०२ | ८.१२ | १९२९ | २८८ | १४.९३ | ३५४६८ | २९०६ | ८.१९ |
| प्राविधिकतर्फ | १७३ | ४ | २.३१ | ५५९ | २२ | ३.९४ | | | | ७३२ | २६ | ३.५५ |
| कुल | १६६० | २० | १.२० | ३२६११ | २६२४ | ८.०५ | १९२९ | २८८ | १४.९३ | ३६२०० | २९३२ | ८.१० |

स्रोतः राष्ट्रिय दलित आयोग, २०८१

**अनुसुची ६**

## नेपाल प्रहरीमा दलित

| | अधिकृतस्तर | | | सहायकस्तर | | | श्रेणीविहीन | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | दलित | प्रतिशत | जम्मा | दलित | प्रतिशत | जम्मा | दलित | प्रतिशत | जम्मा | दलित | प्रतिशत |
| साधारणतर्फ | १८२९ | ७१ | ३.८८ | ६५७०१ | ६९१८ | १०.५३ | २९९० | ५९६ | १९.९३ | ७०५२० | ७५८५ | १०.७६ |
| प्राविधिकतर्फ | ३८१ | ९ | २.३६ | ४७२१ | ४७४ | १०.०४ | | | | ५१०२ | ४८३ | ९.४७ |
| कुल | २२१० | ८० | ३.६२ | ७०४२२ | ७३९२ | १०.५० | २९९० | ५९६ | १९.९३ | ७५६२२ | ८०६८ | १०.६७ |

स्रोतः राष्ट्रिय दलित आयोग, २०८१

**अनुसुची ७**

## नेपाली सेनामा दलित

| विवरण | अधिकृतस्तर | | | सहायकस्तर | | | श्रेणीविहीन | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | दलित | प्रतिशत | कुल | दलित | प्रतिशत | कुल | दलित | प्रतिशत | कुल | दलित | प्रतिशत |
| साधारणतर्फ | ३५०५ | ४३ | १.२२ | ७५०७४ | ७३०० | ९.७२ | ४८११ | १२०२ | २४.९८ | ८३३९० | ८५४५ | १०.२५ |
| प्राविधिकतर्फ | ११५७ | १७ | १.४७ | ६४६१ | ३१० | ४.७९ | | | | ७६१८ | ३२७ | ४.२९ |
| कुल जम्मा | ४६६२ | ६० | १.२९ | ८१५३५ | ७६१० | ९.३३ | ४८११ | १२०२ | २४.९८ | ९१००८ | ८८७२ | ९.७५ |

स्रोतः राष्ट्रिय दलित आयोग, २०८१

**अनुसुची ८**

| | दलित हत्याको विवरण | | | | |
|---|---|---|---|---|---|
| वर्ष | जिल्ला | मृतकको नाम थर | समुदाय | लिङ्ग | हत्याको कारण/प्रकृति |
| २०८२ | सप्तरी | पूजाकुमारी राम | दलित | महिला | यौन हिंसामा परेको तीन वर्षपछि शंकास्पद मृत्यु |
| | सिरहा | आनन्दी सदाय | दलित | महिला | यौन हिंसा भएको ४ महिनापछि झुण्डिएको अवस्थामा फेला |
| २०८१ | सिरहा | रिंकु सदा | दलित | महिला | सामूहिक बलात्कारपछि हत्या |
| | कैलाली | सुरेश भूल | दलित | पुरुष | जातीय भेदभावपछि हत्या |
| | म्याग्दी | मिना परियार | दलित | महिला | अन्तरजातीय प्रेम |
| | बारा | समिर सुनार | दलित | पुरुष | साथीबाट हत्या |
| | जाजरकोट | अस्मिता सार्की | दलित | महिला | बलात्कारपछि हत्या |
| | सिरहा | कृष्णकुमार महरा | दलित | पुरुष | साथीहरूबाट हत्या |
| २०८० | काठमाडौं | प्रमिला दमाई | दलित | महिला | अन्तरजातीय प्रेमपछि हत्या |
| | बारा | कौशिला कुमारी | गैरदलित | महिला | दलितसँग प्रेम गरेको भन्दै हत्या |
| | बाँके | शिलावती चमार | दलित | महिला | बलात्कारप्रयासपछि हत्या |
| | गुल्मी | मनिषा रुचाल | दलित | महिला | बलात्कारपछि हत्या |
| | महोत्तरी | वसन्त पासवान | दलित | पुरुष | दुर्व्यवहारपछि हत्या |
| २०७९ | काठमाडौं | दिलमाया सुनार | दलित | महिला | अन्तरजातीय प्रेमपछि हत्या |
| | सप्तरी | सन्तलाल पासवान | दलित | पुरुष | जातीय विभेदपछि हत्या |
| २०७८ | चितवन | भीमबहादुर विश्वकर्मा | दलित | पुरुष | जातीय विभेद गरी कुटपिटबाट हत्या |
| | कालीकोट | नीरु विक | दलित | महिला | बलात्कारपछि हत्या |
| | महोत्तरी | अमृदा सदा | दलित | महिला | बलात्कारपछि हत्या |
| | सुर्खेत | मनीषा सुनार | दलित | महिला | बलात्कारपछि हत्या |
| | सिरहा | सावित्रीकुमारी महरा | दलित | महिला | अन्तरजातीय प्रेमपछि हत्या |
| | सुर्खेत | मइसरा परियार | दलित | महिला | अन्तरजातीय विवाहका कारण आत्महत्या |
| | भोजपुर | संगम ठटाल | दलित | पुरुष | अन्तरजातीय प्रेमका कारण हत्या |
| | सप्तरी | ज्योति पासवान | दलित | महिला | अन्तरजातीय प्रेमपछि हत्या |
| | अर्घाखाँची | सिर्जना सुनार | दलित | महिला | अन्तरजातीय विवाहपछि आत्महत्या |
| | सुर्खेत | मैसरा परियार | दलित | महिला | अन्तरजातीय प्रेम |
| | कास्की | बिना विक | दलित | महिला | अन्तरजातीय प्रेम |
| | गोरखा | प्रवीन विक | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | नुवाकोट | मीरा परियार | दलित | महिला | अन्तरजातीय प्रेम |
| २०७७ | जाजरकोट | नवराज विक | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | जाजरकोट | सन्दीप विक | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | जाजरकोट | लोकेन्द्र सुनार | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | जाजरकोट | गणेश बुढा | गैरदलित | पुरुष | अन्तरजातीय प्रेम |
| | जाजरकोट | गोविन्द शाही | गैरदलित | पुरुष | अन्तरजातीय प्रेम |
| | रुकुम पश्चिम | टीकाराम नेपाली | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | बझाङ | सम्झना कामी | दलित | महिला | बलात्कारपछि हत्या |
| | उदयपुर | सुमन विक | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | रुपन्देही | अंगीरा पासी | दलित | महिला | बलात्कारपछि आत्महत्या |
| | कैलाली | निर्मला पहराई | दलित | महिला | अन्तरजातीय प्रेम |
| | तनहुँ | सुकु परियार | दलित | महिला | अन्तरजातीय विवाहपछि हत्या |
| | गोरखा | घनश्याम बोगटी | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | सिरहा | श्यामलाल राम | दलित | पुरुष | अन्तरजातीय विवाह |
| | रौतहट | निरञ्जन राम | दलित | पुरुष | जातीय विभेद गरी हत्या |
| | रौतहट | विजय महरा | दलित | पुरुष | हिरासतमा प्रहरी यातनाबाट मृत्यु |
| | रौतहट | मिन्त्रादेवी बैठा | दलित | महिला | जग्गा किनेको निहुँमा हत्या |
| | धनुषा | शम्भु सदा | दलित | पुरुष | प्रहरी हिरासतमा मृत भेटिए |
| | सप्तरी | सुकदेव मण्डल | दलित | पुरुष | कुटपिट गरी हत्या |
| | सप्तरी | त्रिभुवन राम | दलित | पुरुष | मोहियानी दाबी गर्दा हत्या |
| | कैलाली | रोशन विक | दलित | पुरुष | हिरासतमा मृत भेटिए |
| | अछाम | उर्मिला टमटा | दलित | महिला | बलात्कारपछि हत्या |
| | सिरहा | रोशन राम | दलित | पुरुष | १ हजार नतिर्दा अपहरणपछि हत्या |
| | झापा | बलबहादुर विश्वकर्मा | दलित | पुरुष | जातीय विभेद र कुटपिट गरी हत्या |
| | मोरङ | राजेश ऋषिदेव | दलित | पुरुष | जातीय विभेद र कुटपिट गरी हत्या |
| | अछाम | सिद्धार्थ आउजी | दलित | महिला | कामबाट निकालेपछि आत्मदाह |
| | सप्तरी | मलरा सदा | दलित | पुरुष | भोकमरीका कारण मृत्यु |
| | बझाङ | बिमल कामी | दलित | पुरुष | विभेदपछि हत्या |
| | सिन्धुपाल्चोक | माया तिरुवा | दलित | महिला | अन्तरजातीय विवाहपछि हत्या |
| | धनुषा | राजु सदा | दलित | पुरुष | उपचार नपाएर मृत्यु |

| | | | | | |
|---|---|---|---|---|---|
| ०७५ | कालीकोट | मना सार्की | दलित | महिला | जातीय विभेद |
| | कैलाली | माया विक | दलित | महिला | बलात्कारपछि हत्या |
| | कास्की | श्रेया सुनार | दलित | महिला | बलात्कारपछि हत्या |
| | धनुषा | द्वितीया रेष्मा रसाइली | दलित | महिला | बलात्कारपछि हत्या |
| | मोरङ | रुपमतीकुमारी दास | दलित | महिला | बलात्कारपछि हत्या |
| | उदयपुर | संगीता विश्वकर्मा | दलित | महिला | अन्तरजातीय विवाहपछि हत्या |
| २०७५ | धादिङ | | | पुरुष | जातीय विभेदपछि हत्या |
| २०७४ | कपिलवस्तु | | | पुरुष | जातीय विभेदपछि हत्या |
| २०७३ | झापा | अस्मिता सार्की | दलित | महिला | अन्तरजातीय प्रेम |
| | झापा | ईश्वर भट्टराई | गैरदलित | पुरुष | अन्तरजातीय प्रेम |
| | काभ्रे | अजित मिजार | दलित | पुरुष | अन्तरजातीय प्रेमविवाह |
| | काभ्रे | लक्ष्मी परियार | दलित | महिला | बोक्सीको आरोप |
| | रसुवा | कुमार नेपाली | दलित | पुरुष | जातीय विभेदको कारण हत्या |
| २०७१ | पर्वत | राजेश नेपाली | दलित | पुरुष | दाल छोएको निहुँमा |
| २०७० | तनहुँ | संगीता परियार | दलित | महिला | जातीय विभेद |
| | ताप्लेजुङ | झुमा विक | दलित | महिला | जातीय विभेदपछि हत्या |
| २०६९ | बर्दिया | रामबहादुर सार्की | दलित | पुरुष | गिलास छोएको निहुँमा हत्या |
| २०६८ | कालीकोट | जयवीर टमटा | दलित | पुरुष | अन्तरजातीय विवाह |
| | कालीकोट | मनविरे सुनार | दलित | पुरुष | चुलो छोएको निहुँ |
| | दैलेख | सेते दमाई | दलित | पुरुष | अन्तरजातीय प्रेम |
| | सप्तरी | शिवशंकर दास | दलित | पुरुष | अन्तरजातीय विवाह |

स्रोतः नेपाल प्रहरी र डिग्नीटि इनिसियटिभको मिडिया अनुगमन ।

नोटः यो अवधिमा धादिङ जिल्लामा एकजना र कपिलवस्तु जिल्लामा एकजना गरी दुईजनाको जातकै कारण हत्या भएको नेपाल प्रहरीको अभिलेखमा समावेश छ, विस्तृत जानकारी उपलब्ध छैन । त्यसैगरि कोभिड महामारीको क्रममा भोकमरी र उपचार अभावका कारण भएका दुई मृत्यु घटना राज्य संरचनाको असफलतासँग सम्बन्धित विशेष घटना हुन्, जसले राज्यको नीति र सेवा प्रवाहको कमजोरी उजागर गर्छन । यी घटनामा जातकै कारण पिडितहरुले आवश्यक सेवामा पहुच हासिल गर्न सकेनन् ।

**अनुसुची ९**

| हत्याको कारण/प्रकृति | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अन्तरजातीय प्रेम | ४ | ३ | ३ | ४ | १ | ८ | १ | २४ |
| अन्तरजातीय विवाह | १ | २ | २ | १ | | २ | | ८ |
| उपचार नपाएर मृत्यु | | १ | १ | | | | | २ |
| कामबाट निकालेपछि आत्मदाह | | | | | | | १ | १ |
| जातीय भेदभाव | ३ | ९ | ३ | २ | २ | २ | २ | २३ |
| जातीय भेदभाव र बोक्सी आरोप | | | १ | | | | | १ |
| प्रहरी हिरासतमा शंकास्पद मृत्यु | | २ | | | | | १ | ३ |
| बलात्कारपछि आत्महत्या | | | | | १ | | | १ |
| बलात्कारपछि हत्या | १ | ३ | | १ | १ | ३ | ३ | १२ |
| बलात्कारप्रयासपछि हत्या | | | | | १ | | | १ |
| भोकमरीबाट मृत्यु | | १ | | | | | | १ |
| यौन हिंसापछि शंकास्पद मृत्यु ९न्याय नपाएपछि० | | १ | | | | | | १ |
| यौनहिंसापछि आत्महत्या ९न्याय नपाएपछि० | | १ | | | | | | १ |
| जम्मा | ९ | २३ | १० | ८ | ६ | १५ | ८ | ७९ |

**अनुसुची १०**

| हत्याको कारण | हत्या (जना) |
|---|---|
| अन्तरजातीय प्रेम | २४ |
| अन्तरजातीय विवाह | ८ |
| उपचार नपाएर मृत्यु | २ |
| कामबाट निकालेपछि आत्मदाह | १ |
| जातीय भेदभाव | २३ |
| जातीय भेदभाव र बोक्सी आरोप | १ |
| प्रहरी हिरासतमा शंकास्पद मृत्यु | ३ |
| बलात्कारपछि आत्महत्या | १ |
| बलात्कारपछि हत्या | १२ |
| बलात्कारप्रयासपछि हत्या | १ |
| भोकमरीबाट मृत्यु | १ |
| यौन हिंसामा परेको तीन वर्षपछि शंकास्पद मृत्यु (न्याय नपाएपछि) | १ |
| यौनहिंसा भएको ४ महिनापछि झुण्डिएको अवस्थामा फेला (न्याय नपाएपछि) | १ |
| **जम्मा** | **७९** |

**डिग्नीटी इनिसियटिभ** दलित समुदायका अनुसन्धाता र अधिकारकर्मीहरूद्धारा स्थापित सामाजिक संस्था हो । जातमा आधारित अर्थ–राजनीतिक व्यवस्थाका कारण नेपालका दलितमाथि अहिले पनि राजनीतिक बहिस्करण, आर्थिक बञ्चितीकरण र छुवाछूत–भेदभावसहितको सामाजिक–सांस्कृतिक विभेद कायमै छ । यस किसिमको विभेदकारी व्यवस्था अन्त्य गरी सबैले न्याय, समानता, आत्मसम्मानपूर्वक बाँच्न पाउने व्यवस्था निर्माणका लागि नेपालका दलित समुदाय सात दशकभन्दा लामो समयदेखि निरन्तर संघर्ष गरिरहेका छन् । संघर्षकै परिणाम केही संवैधानिक र कानुनी अधिकारको व्यवस्था भएका छन् भने तुलनात्मकरूरुपमा दलितमाथिका विभेदमा केही कमी आएको छ । यद्यपि, ऐतिहासिकरूपमा  विभेद र बहिस्करणमा पारिएका दलित समुदायबारे अध्ययन, अनुसन्धान, आलोचनात्मक सार्वजनिक बहस पर्याप्त मात्रामा हुन सकेका छैनन् अर्थात ज्ञान उत्पादनका क्षेत्रमा अत्यन्तै थोरै मात्रामा काम भएका छन् । अर्कोतिर, नेपालमा ज्ञान उत्पादनका क्षेत्रमा क्रियाशील संघसंस्था, विश्वविद्यालयका साथै बौद्धिक र प्राज्ञिक क्षेत्रले पनि दलित मुद्दामा पर्याप्त मात्रामा काम गरेका छैनन् । त्यसैले दलित समुदायका बहुआयमिक सवालमा अध्ययन–अनुसन्धान तथा ज्ञान उत्पादन गर्ने, आलोचनात्मक सार्वजनिक बहस गर्ने र दलित आन्दोलनलाई सघाउ पुऱ्याउने काममा यो संस्था क्रियाशील छ ।

DIGNITY INITIATIVE
काठमाडौं-२९, अनामनगर
सम्पर्क न : ०१-५७०५०९९
इमेल: info@dignityinitiatives.org
वेबसाइट: www.dignityinitiatives.org